बैठक संख्याः ६२

आज मिति २०८२ असोज २४ गते शुक्रबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेबी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

| सि.न. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २. | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३. | १ नं.वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४. | २ नं.वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५. | ३ नं.वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६. | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७. | ५ नं.वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८. | ६ नं.वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९. | ७ नं.वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १०. | ८ नं.वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११. | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२. | १० नं.वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३. | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४. | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५. | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६. | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७. | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८. | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९. | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २०. | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१. | सदस्य सचिव (प्र.प.अ.) | श्री सागर मिश्र | |

CS CamScanner

**निर्णय नं.१-** गत भाद्र २३ र २४ गते भएको प्रदर्शन र आन्दोलनबाट तोडफोड र जलेर जष्ट भएको नगर कार्यपालिकाको कार्यालय र ८ ओटा वडा कार्यालय (१,२,३,४,५,७,८ र ९) हरुबाट नियमित सेवा सुचारु गर्न आवश्यक पर्ने कम्प्युटर,प्रिन्टर आदी सामाग्री खरिद गर्न प्रति वडा रु १ लाख र सामान्य मर्मत गर्न प्रति वडा रु ३० हजार उपलब्ध गराउने । नगरकार्यपालिकाको कार्यालय संचालन गर्न नयाँ प्रशासकिय भवनको भुई तलामा आल्मुनियम पाटेसन लागाउने, नजलेको पुरानो भवनको मर्मत तथा रङ्गरोगन गर्ने र अन्य आवश्यक पर्ने फर्निचर,विद्युतिय सामाग्री, ईन्टरनेट,कम्प्युटर,प्रिन्टर आदी कोटेसन प्रकृयाबाट यथाशिघ्र खरिद गरि कार्यालय संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२-** नेपाल सरकार अर्थ मन्त्रालय र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२/०६/०७ को परिपत्रमा उल्लेखित विषयहरु देहाय बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

क. लागत अनुमान रु १० लाख भन्दा बढी हुने योजनाहरु उपभोक्ता समिति मार्फत संचालन नगर्ने ।योजना तथा कार्यक्रमलाई टुक्रयाएर संचालन नगर्ने ।

ख. नगर भित्रका विद्यालय,प्रहरी बिट तथा अन्य संघसस्थाहरुको पानी विजुलीको महशुल नगरपालिकाले नतिर्ने ।

ग. हाललाई कुनै पनि नयाँ सवारी साधन (दुई चक्के र चार चक्के) खरिद नगर्ने र भएकै सवारी साधन मर्मत गरी प्रयोग गर्ने ।

घ. नगरपालिकाको नयाँ प्रशासकिय भवन र सवै सवारी साधनको पुर्ण बिमा गर्ने ।

ङ. स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण को पुनरावलोकन गरी चुस्त,छरितो,मितव्ययी बनाउन अनावश्यक संरचना र दरबन्दी घटाउने ।

च. नगरपालिकाको स्वीकृत संगठन संरचना र दरबन्दी भन्दा बढी अस्थाई तथा करारमा रहेका देहायका कर्मचारीहरुको यहि २०८२ कात्तिक १ गते बाट करार अवधि थप नगर्ने निर्णय गरियो ।

१) पुजा पाठक (रोजगार सहायक)
२) लोचन संग्रौला (प्राविधिक सहायक)
३) टिकामाया लामिछाने (उजुरी प्रशासक)
४) कमला आचार्य (कानुनी सल्लाकार)
५) उत्सव भट्टराई (नगर प्रमुख स्वकिय सचिव)
६) अशेष अधिकारी (एम.आई.एस अपरेटर)
७) चन्द्रकला काफ्ले (अहेव)
८) बानोकुमारी राजवंशी (अहेव)
९) नारायण बस्नेत (अमिन)
१०) रचना कार्की (ना.प्रा.स)
११) सुसन योङ्या (सुरक्षा गार्ड)

पवित्रादेवी महतारा प्रसाई
नगर प्रमुख

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१२) छत्र बहादुर मार्की (सुरक्षा गार्ड)

१३) प्रेम प्रसाद पौडेल (सुरक्षा गार्ड)

१४) खेमराज खरेल (सुरक्षा गार्ड)

१५) विनोद प्रसाई (सुरक्षा गार्ड)

१६) डिना काफ्ले (सहायक कम्प्युटर अपरेटर)

१७) पयन्द्र चौहान (सुपरभाइजर)

१८) खगेन्द्र मैनाली (हल्की सवारी चालक)

छ. अत्यावश्येक बाहेकका कुनै पनि तालिम,गोष्ठी तथा सेमिनार संचालन नगर्ने र नगराउने ।

ज. वितरण मुखि कार्यक्रमहरु संचालन गर्न नपाईने भन्ने परिपत्र अनुसार स्वास्थ्य बिमा, पोशाक वितरण, ह्याण्ड पम्प वितरण जस्ता वितरण मुखि कार्यक्रम संचालन नगर्ने ।

**निर्णय नं.३-** विर्तामोड ५ मा रहेको देवि हाटको अस्थाई घेरावारामा क्षति भएको हुनाले पुन घेरावारा गरी संरक्षण गर्ने ।

**निर्णय नं.४-** अर्को व्यवस्था नभए सम्मका लागी वडा नं. ३ को वडा कार्यालय कृषि सामुदायिक भवनको माथिल्लो तलामा संचालन गर्ने तथा वडा नं. ८ को वडा

कार्यालय गरामनी बजार भित्र रहेको सामुदायिक भवनमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५-** नगर कार्यक्षेत्र रहेका प्रहरी चौकी तथा अस्थाई बिटमा रहेका मोटरसाईकललाई प्रति महिना १० लि. तथा चार पांग्रे सवारी साधनका लागी प्रति महिना ३० लि. ईन्धन उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६-** आ.ब. २०८१/०८२ को स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यसम्पन्न भई भुक्तानी दिन बाँकी रहेका र क्रमागत योजनाहरु सम्पन्न भएमा नियमानुसार अनुगमन गरी भुक्तानी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.७ -** विर्तामोड नगरअस्पताल विकास समितिको मिति २०८२/०३/३० र २०८२/०५/०६ गतेको बैठकमा भएका निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८-** गत भाद्र २३ र २४ गते भएको प्रर्दशन र आन्दोलनबाट तोडफोड र जलेर जष्ट भएको नगर कार्यपालिकाको कार्यालय र ८ ओटा वडा कार्यालय (१,२,३,४,५,७,८ र ९) हरुबाट निस्किएका पत्र तथा कवाडी सामाग्रीहरु सम्बन्धमा मिति २०८२/०६/०८ को नेपाल सरकार अर्थ मन्त्रालयको पत्र अनुसार यस कार्यालयको जिन्सी तथा सम्पति अभिलेखबाट हटाई न्युनतम लिलामी बिक्री मुल्य कायम गरी लिलाम प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

पवित्रादेवी महतारा प्रसाई
नगर प्रमुख

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ९-** स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको कोशी प्रदेश सरकारको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० तथा बिर्तामोड नगरपालिकाको तहबृद्धि सम्बन्धी कार्यविधि २०८१ मा भएको व्यवस्था अनुसार बिर्तामोड नगरपालिका र मातहतका कार्यालयमा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरुको तहबृद्धि गर्न यस कार्यालयको मिति २०८२।०२।१३ गते प्रकाशित १ महिने सूचना अनुसार तहबृद्धिको लागि निवेदन पेश गर्ने कर्मचारीहरु मध्ये देहायको कर्मचारीहरुको सम्बन्धमा दुविधा भई आवश्यक रायका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेशमा लेखि पठाइएकोमा मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय कोशी प्रदेशको च.नं ४८३ मिति २०८२।०५।१६ को राय परामर्श सम्बन्धी प्राप्त पत्रानुसार बिर्तामोड नगरपालिकाको तहबृद्धि सिफारिस समितिले मिति २०८२।०५।१८ गते पेश गरेको सिफारिसको आधारमा देहायका कर्मचारीहरुको २०८२।०४।०१ गतेबाट जेष्ठता कायम हुनेगरि तह बृद्धि गर्ने निर्णय गरियो ।

देहायः

| क्रसं. | कर्मचारीको नाम थर | हालको पद/ तह | तहबृद्धि गरिएको तह |
|---|---|---|---|
| १ | ओम बहादुर खड्का | ज.स्वा.नि. (अधिकृतस्तर छैठौं) | जनस्वास्थ्य अधिकृत (अधिकृतरस्तर सातौं) |
| २ | सुजता तामाङ | सहायकस्तर पाँचौ | अधिकृतरस्तर छैठौं |
| ३ | हेमराज गौतम | सहायकस्तर पाँचौ | अधिकृतरस्तर छैठौं |

**निर्णय नं - १०** बिर्तामोड नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, नगर प्रमुख, नगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समिति, सम्पूर्ण शाखा तथा शाखा प्रमुख, १० वटै कार्यालय, वडा अध्यक्ष, वडा सचिव समेत विपक्षी भई पर्न आउने मुद्दाका सम्बन्धमा लिखित जवाफ पेश गर्न, वारेस मुकरर गर्न कानून व्यवसायी नियुक्त गर्ने सम्पूर्ण कार्यका लागि बिर्तामोड नगरपालिका न्यायिक समितिमा कार्यरत अधिकृत छैटौ श्री ज्योति नेउपानेलाई दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं - ११** बिर्तामोड नगरपालिकाको नगर प्रहरी गठन तथा सञ्चालन कार्यविधि २०७५ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

नगर प्रहरीको पारिश्रमिक सम्बन्धमा- २०८२ श्रावण १ गतेबाट लागु हुने गरी नगर प्रहरी जवानलाई न्यूनतम तबल स्केल रु.१९५००।– , सहायक कमाण्डरलाई न्यूनतम तलब स्केल रु.२२०००।– र नगर प्रहरी कमाण्डरलाई रु. २४०००।– उपलब्ध गराईने ।

नगर प्रहरीको बर्दी सम्बन्धमा- नगर प्रहरीको बर्दीको कपडा र जुत्ता हरियो रंगको तथा पेटी, बुट साबिक बमोजिमको नै रहनेछ साथै ब्याच कमाण्डरको रातो रंगको २ तारा र सहकमाण्डरको १ ताराको फुलि हुनेछ ।

पवित्रादेवी भट्टराई एन्ड
नगर प्रमुख

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत